**भाग-२**

# स्थानीय राजपत्र

चौंरीदेउराली गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः ६ | संख्याः.४ | मितिः २०८०/०१/१७ |
|---|---|---|

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०१/१७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम चौंरीदेउराली गाउँपालिका गाउँसभाले **"चौंरीदेउराली गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०"** सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# चौंरीदेउराली गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग, काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

# चौंरीदेउराली गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८०

प्रमाणिकरण मितिः २०८०/०१/१७

नेपालको संविधानले स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने अधिकार प्रत्याभुत गरेको छ । वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाइ भएकोले स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको हुँदा प्रदुषण मुक्त वातावरण कायम राखी यस गाउँको दिगो विकास गर्नका लागि सरसफाइ र फोहरमैला व्यवस्थापन महत्वपूर्ण पक्षका रुपमा रहेको छ ।

चौंरीदेउराली गाउँपालिका क्षेत्रमा भएको बढ्दो शहरीकरणका कारण चौंरीदेउराली गाउँपालिकाको बजार क्षेत्रको फोहरमैलाको उत्पादनमा तीब्र गतिमा बढोत्तरी भएको, वडावासीहरुको फोहर व्यवस्थापन तथा सरसफाइ सम्बन्धी सचेतना अभिवृद्धि गर्न, फोहरमैला व्यवस्थापनमा निजी क्षेत्र र टोल विकास संस्था तथा नागरिक समाजको संलग्नता स्थापित गर्न, समुदायको चासो र संलग्नतामा अभिबृद्धि गर्न, फोहर संकलनदेखि व्यवस्थापनसम्मका सबै कार्यहरु सम्बन्धी पर्याप्त जानकारी दिन, फोहरको बर्गीकरण उपयुक्त र प्रभावकारी तबरले गर्न, अस्पतालजन्य फोहर र प्लास्टिकजन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, फोहर व्यवस्थापनमा साझेदार परिचालित गर्न तथा यस सम्बन्धी पर्याप्त नीतिगत तयारी र स्पष्ट कार्य योजनाको आवश्यकता देखिएकाले गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ उपदफा २ (ग) ११ वमोजिम वडा समितिलाई दिएको अधिकारलाई कार्यान्वयनमा सहजता ल्याउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ (२) दिएको अधिकार प्रयोग गरीचौंरीदेउराली गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८० तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**-(१) यस कार्यविधिको नाम **'चौंरीदेउराली गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०८०'** रहनेछ ।

(२) यो कार्यविधि चौंरीदेउराली गाउँपालिका कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः**-(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **'संविधान'** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ख) **'स्थानीय तह'** भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा ४बमोजिमको गाउँपालिका सम्झनुपर्छ ।

(ग) **'कार्यपालिका'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(घ) **'अध्यक्ष'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँ कार्यपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) **'उपाध्यक्ष'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँ कार्यपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(च) **'कार्यपालिका सदस्य'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यपालिका सदस्यलाई सम्झनु पर्छ ।

(छ) **'प्रमुख प्रशासकीय अधिकृत'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँकार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ज) **'विषयगत शाखा'** भन्नाले ..................... गाउँपालिकाको कार्यालय अन्तर्गतको विषयगत शाखालाई सम्झनु पर्छ ।

(झ) **'समिति'** भन्नाले चौंरीदेउराली गाउँपालिका गाउँकार्यपालिकाको कार्य सम्पादन नियमावली द्धारा गठित समिति समितिहरुलाई सम्झनु पर्छ ।

(ञ) **'कार्यविधि'** भन्नाले चौंरीदेउराली गाउँपालिका गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि २०७९ बुझ्नुपर्छ ।

(ट) **'गाउँपालिका'** भन्नाले चौंरीदेउराली गाउँपालिकाको गाउँ कार्यपालिका बुझ्नुपर्छ ।

(ठ) **'ऐन'** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बुझ्नुपर्छ ।

(ड) **'फोहरमैला'** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्था जन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शब्दले तत्काल प्रयोग हुनु नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाई बाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्र्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वात्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्पलेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएको अन्यवस्तु समेतलाई जनाउनेछ ।

(ढ) **'हानिकारक फोहरमैला'** भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्छ ।

(ण) **'रासायनिक फोहरमैला'** भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरुवा समय समयमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्छ ।

(त) **'स्वास्थ्य संस्था जन्य फोहरमैला'** भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु-स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुनेहानिकारक फोहरमैला सम्झनुपर्छ ।

थ) **'वडा'** भन्नाले चौंरीदेउराली गाउँपालिकाका वडाहरु सम्झनुपर्छ ।

## परिच्छेद - २
## फोहरमैला निर्देशक तथा व्यवस्थापन समिति

**३. फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको गठन :-**

(१) गाउँको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न गाउँपालिकामा देहायनुसारको निर्देशक समिति गठन गरिनेछ।

(क) गाउँ कार्यपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँ कार्यपालिका उपाध्यक्ष - उपाध्यक्ष

(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(घ) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक - सदस्य

(ङ) वडा अध्यक्ष (सम्वन्धित वडाको वडा अध्यक्ष) - सदस्य

(च) बातावरण क्षेत्रका अनुभवी प्रवुद्ध व्यक्ति वा सरसफाई अभियान्ता मध्ये कार्यपालिका अध्यक्षले तोकेको व्यक्ती - सदस्य

(छ) फोहरमैला व्यवस्थापन हेर्ने विषयत शाखा प्रमुख - सदस्य सचिव

(२) वडाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित ढंगले संचालन गर्न आवश्यक व्यवस्थापन एवं नियमन गर्न वडास्तरमा देहायनुसारको फोहर मैला व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

(ख) वडा समितिले तोकेको १ जना वडा सदस्य - सदस्य

(ग) टोल विकास संस्थाको अध्यक्ष मध्येबाट १ महिला र पुरुष गरि २ जना - सदस्य

(घ) वडा समितिले तोकेको समाज सेवि वुद्धिजिवि वा सरसफाई अभियन्ता मध्येवाट १ जना - सदस्य

(ङ) वडा समितिले तोकेको स्थानिय व्यापारी प्रतिनिधि प्रतिनिधि १ जना - सदस्य

(च) वडाको सरसफाई कार्यमा संलग्न नीजि क्षेत्रको प्रतिनिधि १ जना - सदस्य

(छ) वडा सचिव - सदस्य सचिव

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार वस्ने छ । बैठक समितिको अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ ।

(४) फोहर मैला व्यवस्थापन समितिको वैठक महिनाको एक पटक बस्नेछ ।फोहरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिने छ ।बैठकको निर्णय संयोजकले प्रमाणित गरि वडा समितिमा राख्नुपर्नेछ र गाउँपालिकामा वा निर्देशक समिति समक्ष पेश गर्नुपर्ने निर्णय भएमा वडाअध्यक्ष मार्फत गाउँपालिकामा पठाउनु पर्नेछ ।

(५) माथि (२) बमोजिम गठित समितिको संयोजक पुरुष भएमा वडा समितिले तोक्ने सदस्य महिला हुनुपर्ने वा महिला संयोजक भएमा वडा समितिले तोक्ने सदस्य पुरुष हुनु पर्नेछ ।

**४. फोहरमैला व्यवस्थापन सम्वन्धि निर्देशक र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-**

(१) फोहरमैला व्यवस्थापन सम्वन्धी निर्देशक समितिको कामकर्तव्य र अधिकार

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरुतर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने ।

(ख) वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ऐन र नियमले दिएकाअधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने ।

(ग) फोहर व्यवस्थापनमा क्रमशःस्यानिटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने ।

(घ) ल्याण्डफिल साइट निश्चित समयपछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको सम्भावनाको अध्ययन गर्ने ।

(ङ) फोहोर व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुकोसंलग्नता बढाउन आवश्यक नीति तय गर्ने ।

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न श्रोतको व्यवस्थापन गर्ने ।

(छ) ल्याण्डफिल साइटलाई प्रदुषण शून्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनिकरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ज) जैविक फोहरबाट उर्जा, कम्पोष्ट बायोग्यास एवं मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुन प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने ।

(झ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा निर्देशिकाले तोकेको मापदण्ड पालना नगर्ने उपर आबश्यक कारबाहीका लागि निर्देशन गर्ने ।

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने ।

(ट) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ, संस्थाहरूसँग समन्वय कायम गर्ने ।

**(२) फोहरमैला व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :**

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा र स्वच्छ वडा निर्माणका लागि अभियान र चेतना मूलक कार्यक्रम तर्जुमा गर्ने ।

(ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वडा वनाउन आवश्यक बजेटको व्यवस्थापन गर्न पहल गर्ने ।

(ग) फोहरलाई श्रोतमै बर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहलगर्ने ।

(घ) बर्गीकृत फोहर मध्ये अग्र्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्यफोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीनआर (3R = Reduse, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने ।

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने ।

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षागर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्षसिफारिस गर्ने ।

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरुसँग सहकार्य गर्दे विशेष कार्यदल गठन गरि परिचालन गर्ने ।

(ज) फोहर संकलन र व्यवस्थापन सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमासुधारका लागि आवश्यक कार्य गर्ने ।

(झ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनिरकणकालागि उपायहरुको खोजी गरी आवश्यक श्रोत व्यवस्थापन गर्ने ।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त फोहर मैला तथावातावरणसँग सम्बन्धित अधिकारहरूको प्रभावकारी कार्यान्वयन गर्ने ।

(च) फोहरमैला व्यवस्थापन सम्वन्धी काम गर्ने जनशक्तिको व्यवस्थापनगर्न वडा तहसँग समन्वय गर्ने ।

## परिच्छेद - ३

## फोहरमैला ब्यवस्थापन विधि प्रकृया

५. **फोहरमैला कम उत्पादन गर्ने :** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै कामकारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथाशक्य कम गर्नु पर्नेछ ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन वा पुन : प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरीफोहरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायकोकर्तव्य हुनेछ । स्पष्टीकरण :“आफ्नोक्षेत्र”भन्नालेनिजीघरकम्पाउण्ड,औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर,औद्योगिक प्रतिष्ठानको परिसर लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति,संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ ।

६. **फोहरमैलाको पृथकीकरणः** (१) फोहर मैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले तोकिदिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानी साधन सम्म पुर्‍याउने दायित्व त्यस्तोफोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागिगाउँपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा लाग्ने शुल्क लिई सहयोगगर्न सक्नेछ ।

७. **फोहरमैलाको निष्काशनः** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिकाफोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति,संस्था वा निकायले त्यस्तो फोहरमैला तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्नेछ ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनःप्रयोगमा आउने फोहरमैला मामिसाउन पाइने छैन ।

(४) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा निश्कासित गर्दा निष्कने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्वन्धित उत्सर्जन कर्ताको हुने छतर उत्सर्जन कर्ताले वडाको फोहर संकलन गर्ने नीजि क्षेत्र वा वडालाई अनुसूची -१ मा तोकिए बमोजिमको शुल्क वुझाई सेवा लिन सक्नेछ ।

(५) वडा भित्र जथाभावी वर्कसप खोल्ने कार्यलाई निरुत्साहित गर्दै फोहरमैला व्यवस्थापन समितिसँग अनुमति लिएर मात्र उचित ढंगबाट फोहर व्यवस्थापनको सुनिश्चितता गर्दै वर्कसप संचालन गर्ने व्यवस्था मिलाईनेछ, वडाले तोकेको स्थानमा वर्कसप संचालन गर्दा वर्कसपको फोहर कालो पानी एवम् अन्य फोहरलाई नालामा नपठाई छुट्टै सोक्ता वनाईविर्सजन गर्नु पर्नेछ ।

(६) नयाँ बन्ने घरको भान्सा र वाथरुमको पानी संभव भए सम्म घर कम्पाउडभित्र सोक्ता बनाई व्यवस्थापन गर्न घरधनिलाई प्रेरित गर्ने घर कम्पाउण्डभित्र व्यवस्थापन गर्न सम्भव नभएको भनि टोल विकास संस्थाले सिफारिस गरेमा पानी छानेर मात्र सतह ढल एवं नालिमा पठाउनु पर्नेछ ।

८. **पशु पन्छी र घरपालुवा चौपाया पालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था :**

(१) गाई भैसी, खसि बाखा र वोइलर कुखुरा फाराम संचालन गर्दा अनिवार्य रुपमा वडा समितिको अनुमति लिनु पर्नेछ । यस्ता प्रकारका व्यवसाय संचालन गर्नुपूर्व छर छिमेकको सहमति समेत अनिवार्य हुनुपर्ने । अनुमति लिई उल्लेखित पशु चौपाया र पन्छी पालन गर्नेले समेतसोको फोहर निश्कासन र व्यवस्थापन छर छिमेकलाई असर नपर्ने गरिगाउँपालिकाले तोके वमोजिमको मापदण्ड वमोजिम गर्नु पर्नेछ । पशुचौपाया र पन्छीलाई सार्वजनिक बाटोमा बाधन तथा छाड्न पाइने छैन ।

(२) वडा भित्र फेला परेका लावारीस मृत पशु पन्छीलाई वडाको फोहर ढुवानी साधनले ल्याण्डफिल साइटमा लगि उचित ढंगवाटविर्सजनको व्यवस्थामिलाउनु पर्नेछ । पशु धनि पहिचान भएमा मृत पशु लाई सम्वन्धितधनिलेघर परिसरमा नै खाल्डो खनि व्यवस्थापन गर्न वडा कार्यालयले लगाउनेछ तर स्वयंले व्यवस्थापन गर्न नसक्ने स्थिति भएमा वडा समितिलाई तोके वमोजिमको सेवा शुल्क वुझाई व्यवस्थापन गर्नु पर्नेछ । साना पशुपन्छिलाई वडा समितिको अनुमतिमा वार्ड भित्रका खाली ठाँउमा खाल्डोखनि व्यवस्थापन गर्न सकिनेछ ।

## परिच्छेद - ४

## फोहरमैला व्यवस्थापन सेवा शुल्क

१०. **सेवा शुल्क उठाउने :** (१) वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवा शुल्क लगाई उठाउनेछ ।

(२) बार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लेख भए वमोजिम हुनेछ । तत्पश्चात शुल्कको दरनिर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्र कृति र गाउँ सभावाट तोकिए बमोजिमका अन्य कुराहरुको आधारमा फोहरमैला व्यवस्थापन समितिकोपरामर्शमा वडा समितिले तोकी निर्देशक समितिवाट स्वीकृत गराई वडा कार्यालयले उठाउनेछ ।

(३) उपदफा (१) बमोजिमको शुल्क गाउँपालिका वा सम्वन्धित वडा आफैले वा टोल विकास संस्था वा अन्य संघ संस्था, फर्म मार्फत समेत उठाउन सक्नेछ ।यसरी सेवा शुल्क असुलीमा परिचालन हुने संस्था, फर्मलाई वडा समितिले गाउँपालिकाको स्वीकृतीमा तोके वमोजिमको व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ ।

(४) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा समितिवाट तोकिए बमोजिमका विपन्न वर्गलाई सेवा शुल्कमा तोकिए बमोजिम छूट दिन सकिनेछ भने वडावासीको आय स्तरका आधारमा अनूसूचि

(१) मा उल्लेखित सरसफाई सेवा शुल्कमा छुट दिनुपर्ने वडा कार्यालयले आवश्यक ठानेमा निर्देशक समितिको सहमतिमा वडा कार्यालयल छुट दिन सक्नेछ ।

(५) यस दफा बमोजिम शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी वडा समितिले छुट्टै हिसाव राखि गाउँपालिकाको सर्व सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । सो रकम तोकिएको मापदण्डको अधीनमा रही वडाको फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रकोविकासमा गाउँपालिकावाट कार्यक्रम स्वीकृत गराई वडा समितिको कार्यालयले खर्च गर्नेछ ।

(६) सेवा निलम्बन वा अन्त्य गर्न सक्ने : (१) फोहरमैला व्यवस्थापन समितिको सिफरिसमा गाउँपालिकाले दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी र गाउँपालिका वा सम्वन्धितवडाबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा ६ (१) मा जुनसुकै कुरा ले खिएको भए तापनि फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (१५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायले यस कार्यविधिको दफा (१०) बमोजिमको सेवा शुल्क नबुझाउने से वाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवावडा कार्यालयको निर्देशनमा निलम्बन वा अन्त्य गर्न सक्नेछ र यसरी सेवा निलम्बन वा अन्त्य गरिएमा सोको जानकारी गाउँपालिका वा वडा समितिलाई दिनु पर्नेछ ।

(३) उपदफा ६ (१) वा (२) बमोजिम सेवाको निलम्बन वा अन्त्य गरिएको अवस्थामा आफ्नो घरबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी आफैले गर्नु पर्नेछ ।

(४) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निजवा निजको एकाघरको परिवारका नाममा रहेको एकिकृत सम्पत्ती कर वा व्यवसायकर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ ।

(५) सेवाग्राहीले दफा (१०) बमोजिम बुझाउनु पर्ने से वा शुल्क बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

(६) कुनै पेशा व्यवसाय नगरी घर भाडामा लिइ वस्ने व्यक्तिले से वा शुल्कवुझाउन अटेर गरेको हकमा सम्वन्धित घर धनिवाट असूलीको प्रकृया अगाडी बढाइने छ ।

## परिच्छेद - ५

## कसूर, सजाय तथा कारवाही

११. **कसूरः**(१) कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन२०६८ र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछ :-

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गरेमा,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडेफोड गर्ने, क्षति पुर्‍याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्‍याउने कार्य गरेमा,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ ऐन बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गर्ने गरेमा,

(ङ) फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लिखित शर्तहरु उल्लङ्घन गर्ने गरेमा,

(च) फोहरमैला सङ्कलन केन्द्र, कण्टेनर वा फोहरमैला थुपार्न्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने, राख्ने वा थुपार्ने गरेमा,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवं संरचना निर्माण एवं मर्मत संभार गर्दाको सामाग्री अनुमति वेगर सडक एवंम फुटपाथमा राखेमा ।

(ज) फोहरबाट निस्के को दूषित पानी (लिचेट), वा शौचालयको लेदोलाई सतहढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कसप संचालन गर्ने तथा वर्कसपको फोहरपानी जथाभावि नालामा मिसाउने गरेमा ।

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न गाउँपालिका वा वडाले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गर्ने गरेमा,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्न्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने गरेमा,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैलावा हानिकारक फोहरमैला जथाभावी फाल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने गरेमा,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निष्काशन गर्ने वा गराउने गरेमा,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने गरेमा,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द,घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने गरेमा,

(ण) फोहरमैला अत्यधिक उत्पादन हुने वस्तु भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तुको उत्पादनतथा बिक्री वितरण गर्ने गरेमा,

(त) फोहरमैला व्यवस्थापन ऐन २०६८ दफा (४४) विपरीत रासायनिकविषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधिनष्टगर्ने जिम्मेवारी पूरा नगर्ने,

(थ) स्रोत मै फोहरमैलाको पृथकीकरण नगरी दफा (६) को विपरीत फोहरमैला मिसाएर निष्काशन गर्ने,

(द) मरेको वा मारेको पशुपंक्षी र सो को लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।

(ध) पैदल तथा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने ।

(न) चुरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता बस्तुको फोहर जथाभावी फाल्ने ।

(प) घर पालुवा पशुपंक्षीलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक रुपमा पशु पंक्षी पालन गर्ने तथा सडकमा वांध्नेबाध्ने कार्य गर्ने ।

१२. **सजाय :** (१) दफा ११ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाबाट खटाइएको अनुगमन टोलि वा वडा कार्यालयले पहिलोपटक भए पाँच सय रुपैयाँसम्म जरिबाना, सोही कसूर पटक पटक दोहोराएमा पटकै पिच्छे दोव्वर जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) दफा ११ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वासम्वन्धित वडाले पाँच सय रुपैयाँ देखि तीन हजार रुपैयाँ सम्म जरिबानागर्न सक्नेछ ।

(३) दफा ११ को खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले दुई हजारपाँच सय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गरी कण्टेनर वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असूल उपर गर्न सक्नेछ ।

(४) दफा ११ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले पाँच हजार रुपैयाँदेखि पच्चिस हजार रुपैयाँसम्म जरिवाना गरी अनुमानित नलिए सम्म त्यस्तो कार्य गर्न रोक लगाउनेछ भने शर्तउल्लङ्घन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहर समयमा संङ्कलन समयमा नगरेको फोहर मैला व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अलावा फोहर व्यवस्थापन खर्च समेत सम्बन्धित पक्षबाट असूल गरिने छ ।

(५) दफा ११ को खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले दुइ हजार पाँच सय रुपैयाँ देखि दश हजार रुपैयाँसम्म जरिबाना गर्नसक्नेछ र त्यस्तो वस्तु वा पदार्थ बाट कुनै क्षति भइसकेको भए त्यस्तो क्षतिबापतको रकम समेत कसूरदारबाट असूल उपर गर्न सक्नेछ ।

(६) दफा ११ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले प्रथम पटक एक हजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ सोही कसुर दोहोराएमा दोव्वर जरिवाना गरिनेछ ।

(७) दफा ११ को खण्ड (ञ) बमोजिमको कसूर गर्ने लाई गाउँपालिकाले पाँचहजार रुपैयाँदेखि पचास हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(८) दफा ११ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले दुइ हजार पाँचसय रुपैयाँ देखि पच्चिस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेको जरिबानाको दोब्बर जरिबाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्न को लागि सम्बन्धितनिकायमा लेखी पठाउन सक्नेछ ।

(९) दफा ११ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(१०) दफा ११ को खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई गाउँअध्यक्षले पाँचहजार रुपैयाँदेखि दश हजार रुपैयाँसम्म जरिबाना वा फोहरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

(११) दफा ११ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकावा सम्वन्धित वडाले प्रत्येक पटक एक सय रुपैयाँ र जरिबाना गर्न सक्ने छसोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय वृद्धि गरी जरिवाना गर्न सक्नेछ ।

(१२) माथि जे सुकै लेखिएको भएता पनि दफा (११) मा उल्लेखित कसुरहरु गर्नेलाई रु. ५०००।-सम्मको जरिवाना वडा समितिको कार्यालयले असूलगर्नेछ भने सो भन्दा माथिको जरिवानाका हकमा वडा समितिले जरिवानाप्रस्ताव गरि गाउँपालिकामा सिफारिस गर्नेछ गाउँपालिकाले जाँचबुझ गरीगाउँ अध्यक्ष समक्ष पेश गर्नेछ र गाउँ अध्यक्षको निर्णय वमोजिम जरिवाना गरिने छ ।

(१३) दफा ११ को खण्ड (प) बमोजिमको कसूर गर्नेलाई गाउँपालिका वा सम्वन्धित वडाले छाडा छाडीएका पशु पन्छि प्रति ज्यान रु ५०० सम्म र फर्म को हकमाप्रथम पटकका लागि रु. २५००।-सम्म जरिवाना गरि ३५ दिन भित्र हटाउने आदेश दिनेछ र सो म्याद भित्र न हटाएमा ३ महिना सम्म मासिक रु. ५०००।- का दरले जरिवाना तत्पश्चात पनि नहटाएमा गाउँपालिकाले फर्ममा वन्दगराई पशुपन्छि जफत गर्ने छ । सडकमा बांधिएका पशु चौपायाको हकमाप्रथम पटकका लागि प्रति ज्यान रु. १००।-दोश्रो पटक उक्त कार्य गरेमा रु. ५००।- तत् पश्चात समेत अटे र गरेमा पटकै पिच्छे दोब्वर जरिवाना वडाकार्यालय वा गाउँपालिकावाट खटाइएको निरिक्षण टोलीले गर्ने छ ।

१३. **सेवा सुविधा तथा ऋण कारोवार रोक्का गर्न सकिने :** (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नामकोघर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नकोलागि फोहर मैला व्यवस्थापन समितिले गाउँपालिकामा सिफारिश गरेमा गाउँपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ । तर यसरी लेखीपठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद - ६

## स्वास्थ्य संस्थाजन्य तथा हानीकारक फोहर ब्यवस्थापन

१४. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको व्यवस्थापन :** (१) स्वास्थ्य संस्था स्थापनागर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्तव्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालन गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ ।

१५. **रासायनिक विषादी सम्बन्धी व्यवस्था :** (१) रासायनिक विषादीको आयातगर्दा तोकिए बमोजिमको मापदण्डको अधीनमा रही गर्नु पर्नेछ ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधीनमा रहीनष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ ।

## परिच्छेद - ७

## प्रोत्साहन तथा सेवा व्यवस्थापन

१६. **पुरस्कार दिन सकिने** : (१) फोहरमैला व्यवस्थापनका लागि नवीनतम अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्य लाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाई समितिको सिफारिसमा गाउँपालिका वा वडाले सरसफाई व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ ।

(२) यस कार्य विधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वाफाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई गाउँपालिका वा सम्वन्धित वडाले सम्मान एवं नगद पुरस्कार समेत दिन सक्नेछ ।

(३) वडा समिति,टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा निर्मित अनुसूचि (३) वमोजिमको सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचिको कार्यान्वयन गर्ने गराउने सवै सरोकारवालाको कर्तव्य हुनेछ ।

१७. **सरसफाईनिरिक्षक तोक्ने** : वडा कार्यालयले वडा भित्र भएको सरसफाइ गतिविधि अनुगमन गर्न, सेवा शुल्क असूली गर्न, स्थलगत निरिक्षणका आधारमा तोकिए वमोजिमको दण्ड सजाय प्रस्ताव गरि कारवाहीका लागिवडा कार्यालयमा पेश गर्न एक जना सरसफाई निरिक्षक तोक्ने छ । यसरी सरसफाई निरिक्षक तोक्न वडा कार्यालयमा जनशक्ति अभाव भएमा उठेको सेवा शुल्कवाट पारिश्रमिक दिने गरि कार्यपालिकाको स्वीकृती लिई सेवाकरारमा नियुक्त गर्न वडा समितिको कार्यालयले सक्नेछ ।

१८. **फिल्ड प्रतिवेदन पेश गर्नेः** (१) वडाले फोहरमैला व्यवस्थापन, सफा र स्वच्छवडा निर्माण गर्ने कार्यलाई प्रभावकारी बनाउँनअनुसुचि २ बमोजिमको ढाँचामा सरसफाई निरिक्षकले प्रत्येक दिनमा भए गरेको फोहरमैलाव्यवस्थापन तथा सफा र स्वच्छ वडा निर्माण कार्यको प्रतिवेदन स्थलगत निरीक्षण गरी वडा सचिव समक्ष पेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ सोप्रतिवेदनको आधारमा सरसफाईको साप्ताहिक प्रगती प्रतिवेदन वडा सचिवलेतयार गरि वडा अध्यक्षलाई दिनु पर्नेछ ।

(२) वडा कार्यालयले मासिक रुपमा गरेको सरसफाई गतिविधि तथा सरसफाईसेवा शुल्कको असुली प्रतिवेदन गाउँपालिकामा महिना समाप्त भएको सातदिन भित्र दिनु पर्नेछ ।

१९. **सरसफाई व्यवस्थापन नीजि क्षेत्र वा गैर सरकारी संस्थावाट गराउन सकिने** :

(१) गाउँ कार्यपालिकाको निर्णय अनुसार सम्पूर्ण गाउँको एकमुष्ट वा भिन्ना भिन्नै क्लष्टरवनाइ कानूनवमोजिम दर्ता भई सम्वन्धित कार्य गर्ने उद्देश्य भएकानीजि क्षेत्र, गैर सरकारी संस्थावाट गाउँको फोहर व्यवस्थापन गर्न सकिनेछ ।

(२)सम्वन्धित गाउँपालिका वा वडाले नीजि क्षेत्र, गैर सरकारी संस्था वासामुदायिक क्षेत्रवाट सेवा लिनुपर्ने भएमा निम्न प्रकृया पुरा गरि फोहरमैला व्यवस्थापनको सेवा लिनु पर्ने छ ।

(क) सेवा लिनुपर्ने क्षेत्रको विवरण, सेवा दिए वापत सेवा प्रदायकलाई उपलब्ध गराउन सकिने अनुदान रकम वा सहयोगवा सेवा प्रदायकवाट अपेक्षागरेको रकम वा सहयोगको विवरण सम्वन्धित वडा समितिबाट लिई सोहीआधारमा निर्देशक समितिको परामर्शमा गाउँ कार्यपालिकाको कार्यालयले कम्तीमा १५ दिनको स्थानीय पत्रिकामा प्रस्ताव आव्हान सूचना गर्ने ।

(ख) सूचना वमोजिम प्राप्त प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन नियम वमोजिमकोमूल्याकन समिति मार्फत मूल्यांकन गराई सारभूत रुपमा प्राभवग्राही प्रस्तावलाई स्वीकृत गरि गाउँ कार्यपालिकाको कार्यालयले काम लगाउने ।

(ग) नीजि क्षेत्रवाट फोहरमैला व्यवस्थापन सेवा लिदा सेवा लिएको क्षेत्रवाट अनिवार्य रुपमा अनुसूची (१) वमोजिमको सेवा शुल्क वडा कार्यालयले असूलगरि गाउँपालिकाको संचित कोषमा दाखिलाको व्यवस्थापन गर्नु पर्नेछ ।

(घ) फोहरमैला सेवा शुल्कवाट असूल भएको सेवा शुल्कबाट नीजि क्षेत्रले पाउनेहिस्सा कटाई बाँकी रहेको रकम सम्वन्धित वडाको सरसफाई प्रर्वद्धन क्षेत्रमानै वडा समितिको निर्णयानुसार लगानी गर्नु पर्नेछ ।

२०. **खारेजी तथा बचाउँः**(१)चौंरीदेउराली गाउँपालिकाको गाउँकार्यपालिकावाट स्वीकृत गरिविभिन्न वडाको फोहर व्यवस्थापनका लागि प्रयोगमा आएका कार्यविधिहरु यस कार्यविधि लागु भए पछि स्वतः खारेजी भएको मानिने छ तर पूर्व स्वीकृतभएका कार्यविधिहरुवाट भएका काम कार्वाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

## अनुसूची - १
(दफा ७ (४) (५) र १० (२) (४) सँग सम्बन्धित)